नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

(प्रशासन शाखा)

पत्र संख्या : २०७८/७९

चलानी नं: १०५९

सिंहदरबार, काठमाडौं

मिति २०७९/०२/२६

श्री पर्यटन विभाग, भृकुटीमण्डप, काठमाडौं।
श्री पुरातत्व विभाग, रामशाहपथ, काठमाडौं।
श्री राष्ट्रिय अभिलेखालय, रामशाहपथ, काठमाडौं।
श्री नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, काठमाडौं।
श्री भाषा आयोग, संखमूल, काठमाडौं।
श्री नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी ,काठमाडौं।
श्री नेपाल संगित तथा नाट्य प्रज्ञा प्रतिष्ठान, काठमाडौं।
श्री नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, काठमाडौ ।
श्री लुम्बिनी विकास कोष, पवित्र उद्यान, लुम्बिनी।
श्री पशुपति क्षेत्र विकास कोष, देवपत्तन, काठमाडौं।
श्री नेपाल नागरिक उड्डयन प्राधिकरण, बबरमहल, काठमाडौं।
श्री नेपाल वायुसेवा निगम, कान्तिपथ, काठमाडौं।
श्री संस्कृतिक संस्थान, जमल, काठमाडौं
श्री नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप, काठमाडौं।
श्री नेपाल पर्यटन तथा होटल व्वस्थापन प्रतिष्ठान,रविभवन ।
श्री नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान, थापागाउँ।
श्री तारा गाउँ विकास समिति, काठमाडौं।
श्री बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति, पुल्चोक।
श्री बृहत्तर बराह क्षेत्र विकास समिति, सुनसरी।
श्री देवघाट क्षेत्र विकास समिति, तनहुँ।
श्री केचना कञ्चनजंगा पर्यटन विकास समिति, इलाम।
श्री आदिकवि भानुक्त जन्मस्थल विकास समिति,तनहुँ।
श्री हलेशी महादेवस्थान विकास समिति, खोटाङ्।
श्री बुहत्तर जनकपुर क्षेत्र विकास परिषद्, धनुषा।
श्री पाथिभरा क्षेत्र विकास समिति, ताप्लेजुङ्।
श्री नेपाल पञ्चाङ्ग निर्णायक समिति, काठमाडौं।
श्री नारायणहिटी दरबार संग्रहालय गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समिति, दरबारमार्ग, काठमाडौं।

विषयः कार्यार्थ सम्बन्धमा।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं.प्र./३११/६५१३, मिति २०७९/०१/१९ को पत्रानुसार मन्त्रालय र अन्तर्गतका निकाय तथा कार्यालयहरुको स्वामित्वमा रहेका सवारी साधन तथा अन्य बेकम्मा सामग्रीको तथ्याङ्क तथा व्यवस्थापन सम्बन्धी प्रगति विवरण उपलब्ध गराउन प्रस्ताव तथा कार्ययोजन संलग्न गरी प्राप्त भएको थियो।

पुनः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं.प्र./३११/६५९५, मिति २०७९/०२/१७ मार्फत यथाशिघ्र प्रगति विवरण उपलब्ध गराउने भनी ताकेता भई आएको छ।

अतः प्रधानमन्त्री तथा मन्त्रपरिषद्को कार्यालयबाट प्राप्त प्रस्ताव तथा कार्ययोजना यसै पत्र साथ संलग्न छ। प्रस्ताव तथ कार्ययोजना बमोजिमको प्रगति विवरण ३(तिन) दिनभित्र मन्त्रालयको इमेल ठेगानाः info@tourism.gov.np मा प्रगति विवरण उपलब्ध गराइदिनुहुन नेपाल सरकार (सचिवस्तर) मिति २०७९/०२/२६ को निर्णयानुसार अनुरोध छ।

टेकनारायण पौडेल
उपसचिव

# परिच्छेद-६
## प्रस्ताव तथा कार्ययोजना[३]

प्रचलित कानूनले सवारी साधन तथा जिन्सी सामग्रीको समग्र व्यवस्थापनको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतसहितका सम्बन्धित कर्मचारीलाई तोकेको छ। प्रभावकारी आन्तरिक नियन्त्रण, व्यवस्थापन, नियमन, अनुगमन र मूल्याङ्कनबाट सवारी साधन तथा कार्यालय सामग्रीको प्रयोगमा नियमितता/मितव्ययिता कायम गर्नका लागि परिच्छेद-४ को तथ्यांक विश्लेषण तथा परिच्छेद-५ मा उल्लेख भएका समस्या र समाधानका उपायका आधारमा तोकिएको समय तालिकाबमोजिम प्रभावकारी कार्यान्वयन गरी यसमा निरन्तर सुधार गर्दै जनसाधारणलाई सुशासनको प्रत्याभूति दिन सकिन्छ। सवारी साधन तथा सामग्रीको व्यवस्थापनका लागि देहायबमोजिमको प्रस्ताव तथा कार्ययोजना प्रस्तुत गरिएको छ।

| क्र.सं. | विवरण | जिम्मेवार निकाय | कार्य सम्पादन गर्नुपर्ने अवधि | सहयोगी निकाय | अनुगमन मूल्याङ्कन गर्ने निकाय | कार्य सम्पादनको सूचक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्ने | सङ्घीय र प्रदेशको हकमा सम्बन्धित मन्त्रालय/केन्द्रीय निकायहरू र स्थानीय तहको हकमा स्थानीय पालिका | आ.व. २०७८/७९ को कार्तिक मसान्त भित्र | अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र स्थानीय तहको हकमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समेत | सङ्घीय निकायको हकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेशको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहको हकमा तत् तत् निकायका लेखा समिति | आन्तरिक नियन्त्रण निर्देशिका तयार भई कार्यान्वयन भएको हुनेछ। | |
| २. | मर्मत, लिलाम, मिनाहा, हस्तान्तरण सम्बन्धी स्पष्ट तथा सरल कार्यविधि निर्माण गर्ने | महालेखा नियन्त्रक कार्यालय | आ.व. २०७८/७९ को कार्तिक मसान्त भित्र | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निर्देशिका तयार भएको हुनेछ। | |

[३] रिट नं. ०७७-WO-००५८ को मुद्दामा सम्मानित सर्वोच्च अदालतको आदेशसँग सम्बन्धित

| क्र.सं. | विवरण | जिम्मेवार निकाय | कार्य सम्पादन गर्नुपर्ने अवधि | सहयोगी निकाय | अनुगमन मूल्याङ्कन गर्ने निकाय | कार्य सम्पादनको सूचक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३. | विदेशी दातृ निकायबाट अनुदान प्राप्त तथा परियोजना समाप्तपश्चात् हुने हस्तान्तरण सम्बन्धी निर्देशिका निर्माण गर्ने | महालेखा नियन्त्रक कार्यालय | आ.व. २०७८/७९ को तेस्रो चौमासिक भित्र | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निर्देशिका तयार भएको हुनेछ। | |
| ४. | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा सुझाव खण्डको बुँदा नं ३ को विषय समावेश गरी संशोधन गर्ने | अर्थ मन्त्रालय | आ व २०७८/७९ को पहिलो चौमासिक भित्र । | महालेखा नियन्त्रक कार्यालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय । | ऐनमा यस सम्बन्धि व्यवस्था समावेश भएको हुनेछ। | |
| ५. | महालेखा नियन्त्रक कार्यालयको PAMS मा तथ्याङ्क प्रविष्टि गराउने | सबै सरकारी निकायहरू | आ.व. २०७८/७९ को असोज मसान्त भित्र | महालेखा नियन्त्रक कार्यालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | यससम्बन्धी प्रतिवेदन तयार भएको हुनेछ। | |
| ६. | सवारी साधन तथा सामग्रीको नयाँ लिने पुरानो दिने (बाई ब्याक मेथड) सम्बन्धी निर्देशिका तयार गर्ने | सार्वजनिक खरिद अनुगमन कार्यालय | आ.व. २०७८/७९ को कार्तिक मसान्त भित्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निर्देशिका तयार भएको हुनेछ। | |

| क्र.सं. | विवरण | जिम्मेवार निकाय | कार्य सम्पादन गर्नुपर्ने अवधि | सहयोगी निकाय | अनुगमन मूल्याङ्कन गर्ने निकाय | कार्य सम्पादनको सूचक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ७. | प्रदेश तथा स्थानीय तहमा सवारी साधन तथा सामग्री व्यवस्थापन सम्बन्धी नमूना कानून निर्माण गर्ने | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | आ.व. २०७८/७९ भित्र | कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कानूनमा परिमार्जन गरी कानूनी अड्चनको समाधान भएको हुनेछ। | |
| ८. | सवारी साधन, विभिन्न मेसिनरी औजारहरू तथा फर्निचर नियमितरूपमा मर्मत सम्भार गर्ने | सम्बन्धित कार्यालय/निकाय | निरन्तर | अर्थ मन्त्रालय | लेखा उत्तरदायी अधिकृत | सवारी साधन, विभिन्न मेसिनरी औजारहरू तथा फर्निचर नियमितरूपमा मर्मत भई सञ्चालन भएको हुनेछ। | सम्बन्धित कार्यालय/निकायलाई आवश्यकता भन्दा बढी मात्रामा रहेका साधन अन्य सरकारी निकायलाई हस्तान्तरण गर्न सकिने |
| ९. | महालेखा परीक्षकको कार्यालयले उठाएका विषयहरूको कार्यान्वयन | सबै सरकारी निकाय/कार्यालय प्रमुख | निरन्तर | महालेखा परीक्षकको कार्यालय | लेखा उत्तरदायी अधिकृत | महालेखा परीक्षकको कार्यालयले उठाएका विषयहरूको कार्यान्वयन भएको हुनेछ। | |
| १० | सरकारी सवारी साधनहरूको नवीकरण र बीमा | सम्बन्धित कार्यालय/निकाय | निरन्तर | अर्थ मन्त्रालय | लेखा उत्तरदायी अधिकृत | सबै सरकारी सवारी साधनहरूको नवीकरण र बीमा भएको हुनेछ। | |

माथि उल्लेख गरिएका सुझावहरू तथा कार्ययोजना कार्यान्वयन भएमा जिन्सी व्यवस्थापन चुस्त दुरूस्त भई आर्थिक अनुशासन कायम हुने विश्वास गरिएको छ । समितिको विभिन्न मितिमा भएका बैठकका निर्णयहरूको प्रतिलिपी अनुसूची-३ मा समावेश गरिएको छ ।

द्रष्टव्य:

१. प्रस्तुत प्रस्ताव तथा कार्ययोजना कार्यान्वयनमा आवश्यक पर्ने वित्तीय स्रोत साधनको व्यवस्थापन अर्थ मन्त्रालय र आवश्यक जनशक्तिको व्यवस्थापन सम्बन्धित निकायबाट हुनेछ।

२. मन्त्रालयले मातहतका विभाग तथा कार्यालयमा रहेका सवारी साधन लगायतका अन्य जिन्सी सामानको नियमित निरीक्षण गर्न श्रोत र साधनको उपयुक्त उपयोग र व्यवस्थापनमा कार्य गर्नेछन्।

३. यस कार्ययोजनाबमोजिम भएका कार्यहरूको नियमित अनुगमन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक समन्वय गर्ने र निर्देशन दिनेछ।